# साकेला सिली संस्कृति

**शालिक राम राई**

<shatasak@gmail.com>

## लेखसार

*साकेला सिली संस्कृति राई जातिमा प्रचलित अभिनयात्मक मौलिक नृत्यकला हो । लेख्यपरम्परा र भाषाको विकास नभएको बेला आफुले प्राप्त गरेको मौलिक ज्ञान, सिप, कला र सिलीमार्फत यसलाई एक पुस्ताबाट अर्को पुस्तामा निरन्तर रूपमा हस्तान्तरण गर्दै ल्याएको देखिन्छ । यसलाई प्रदर्शनी कलाको रूपमा चिनिन्छ, किनकि यसमा कथा, पात्र, अभिनय, नृत्य, गीतसङ्गीत, वाद्यवादन र भेषभूषा जस्ता अनिवार्य तत्त्वहरूको रूपमा प्रदर्शित हुन्छ । साकेला सिलीका प्रकृति वा स्वरूपले हेर्दा यसमा हाते सिली (हात प्रधान भएको) सिली, खुट्टे सिली (खुट्टा प्रधान भएको), रैका सिली (सामूहिक रूपमा सबैले नाच्न मिल्ने), मुन्दुमी सिलीहरू आदि रहेका छन् । यो सिलीसँग सम्बद्ध संस्कृतिसम्बन्धि केही विद्वानहरूले अध्ययन गरेका छन् तथापि साकेला सिली भनेको के हो ? सिलीको प्रकृति र स्वरूप केकस्तो रहेको छ ? यसलाई प्रदर्शनी कलाको रूपमा किन लिइन्छ ? धिरिनाम र छिरिनाम (उभौली उधौली) मा नाचिने साकेला सिलीहरू केकति प्रकारका हुन्छन् ? भन्ने प्रश्नहरू उत्तर खोजी गर्नु यस लेखको उद्देश्य रहेको छ । यसमा साकेला सिली विषयवस्तु प्रकृतिको हिसाबले गुणात्मक तथा इथ्नोग्राफी अध्ययन विधि अपनाइएको छ । यसमा प्राथमिक र द्वितीयक स्रोतहरू उपयोग गरिएको छ । विभिन्न माध्यमहरूबाट सङ्कलित तथ्याङ्कहरूलाई गुणात्मक तथ्याङ्क विधिबाट वर्णनात्मक र व्याख्यात्मक पद्धति अवलम्वन गरी विश्लेषण गरिएको छ । तथ्याङ्कहरूलाई सम्पादन, सङ्कतीकरण, वर्गीकरण र तालिकीकरण गरी प्रशोधन गरिएको छ । प्रशोधित तथ्याङ्कहरूलाई प्रस्तुत गरी अध्ययनको निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी :** साकेला सिली, राई, प्रदर्शनी, उधौली, उभौली ।

## विषयपरिचय

साकेला सिली संस्कृति राई समुदायमा प्रचलित मौलिक संस्कृति हो । सिली राईहरूको सांस्कृतिक जीवनदर्शनमा अनिवार्य रूपमा आउने गर्दछ । राईहरूले महान् संस्कृति साकेला वर्षमा दुई पटक मङ्सिरे पूर्णिमामा उधौली र बैशाखे पूर्णिमा उभौली भव्यसभ्य रूपमा मनाउने गर्दछन् । यसै अबसरमा नाचिने अभिनयात्मक नृत्यकलालाई नै साकेला सिली भनिन्छ । साकेलामा विशेष गरी अन्नको सह (धान, मकै, गहु, कोदो), पैसा, बुद्दि विवेक, आयु/साय माग्ने चलन हुन्छ । यसैक्रममा अभिनयात्मक नृत्यकला सिलीमार्फत आराधना गर्ने काम गरिन्छ । दर्जनौ किसिमको अभिनयात्मक नृत्यकला हाउभाउद्वारा प्रकट गरिने हुँदा यसलाई साकेला सिली भनिन्छ ।

राईहरू एक जाति र बहुभाषी भएकाले साकेलालाई उनीहरूले साखेवा, साकेला, साकेन्वा, साकेल्, भूमे, तोषी, तोष, वास आदि नामले सम्बोधन गर्दछन् । सिली कहिले हात प्रधान र खुट्टा प्रधान बनाई प्रदर्शनी गरिन्छ । यसका अतिरिक्त प्रागैतिहासिक कालदेखि नै यस समुदायको

सांस्कृतिक अभ्यासहरू जन्म, विवाह, मृत्यु, घरपैँचो (नयाँ घर निर्माण गर्दा) माङ, कुलपित्रीहरू मोछामा, माङे गर्दा खाउमो, सेग्रो/मालुदेल, चाक्वाखुर, वाढाङमी, चवा, नागपूजा, भूमेपूजा, ओमाङक, तोषखाम/धिउलु, चारी, ढुवाङकुम पूजा, वुङछर धिरिनाम/छिरिनाम, फागु, साम्खा पूजा, आदिमा सर्वसाधारण र नाक्छोङहरूद्वारा (मुन्दुमी यात्रा) घरचिन्ता (सानो/ठुलो) वा उपचार पद्दति कार्य गर्दा समेत सिलीहरू नाँच्दै ल्याएका छन् (चाम्लिङ, २०७८, पृ. १५-२१) । यसैगरी यो प्रक्रिया अगाडि बढिरहेको पाइन्छ ।

राई समुदायले मुन्दुमलाई आफ्नो मूल सांस्कृतिक तथा धार्मिक जीवनदर्शनको रूपमा मान्दछन्, यसमा सिलीको बारेमा व्याख्या गरिएको छ । आदिम पुर्खाहरूले आफुले प्राप्त गरेको ज्ञान सिप सिलीद्वारा मौखिक रूपमा विभिन्न अभिनयात्मक नृत्य कलामार्फत् एक पुस्ताबाट अर्को पुस्तासम्म हस्तान्तरण गर्दै ल्याएका छन् । सिलीलाई नेपालीमा लिप्यान्तरण र अनुवाद गर्दा नृत्य कला भन्ने बुझिन्छ, जुन राई संस्कृतिमा मौलिक अर्थ भने छैन । नृत्य भन्नाले मेलापात, विवाह, भोजभतेर, रमाइलो गर्दा गरिने नाचगान, रमाइलो गर्ने भन्ने बुझिन्छ, जसको लागि कुनै अवसर विधिविधान आवश्यक पर्दैन, तर सिली नाच्दाको आफ्नै विधि विधान, आचार संहिता, मुन्दुम रहेको र विधि नपुगे ज्यानसम्म तलमाथि हुन्छ भन्ने जनविश्वास रहेको पाइन्छ । सिलीलाई कलाको दृष्टिकोणबाट विश्लेषण गर्दा यो भौतिक जगत्मा रहेका मानवद्वारा सिर्जनात्मक गतिविधिका सम्पूर्ण पक्षहरूलाई मानिन्छ । खासगरी मानवका सूक्ष्मतम आन्तरिक भावहरूलाई सुकुमार एवम् सौन्दर्यपूर्ण बनाएर अभिव्यक्त गरिने कलालाई ललितकला भनिन्छ । कलालाई पूर्वीय साहित्यमा ६४ कला भनि वर्णन गरेको पाउँछौ । जसमध्ये चारूकलाअन्तर्गत, नाटय वा लोकनृत्य कलामा सिली पर्दछ (पराजुली, २०६३. पृ. ५) । मानिसले युगौँदेखि भाषिक माध्यम एवम् शारीरिक चेष्टाहरूद्धारा आफनो विचार र भावनाहरू व्यक्त गर्दै आइरहेका छन् । भाषाको जन्म हुनु पूर्व मानव जातिले आफ्नो विचार आङ्गिक सञ्चालनबाट नै सम्प्रेषण गर्दथे । यही कारण सिलीमा आदिम पुर्खाहरूले आफुले प्राप्त गरेको ज्ञान, सिप, अनुभव एक पुस्ताबाट अर्को पुस्तासम्म हस्तान्तरण गर्दै ल्याएका छन् । जतिवेला अक्षरको अर्थात् लिपिको विकास भएको थिएन । उनीहरूले अभिनयात्मक नृत्यकलाको माध्ययमबाट अभिलेखीकरण गर्दै ल्याए । यसरी हजारौँ वर्ष लामो यात्रा पार गर्दै मानिसले शारीरिक भावभङ्गीमाहरू परिष्कार र परिमार्जित गर्दै आफ्नो बौद्धिकता प्रयोग गरी नृत्यकलाको सिर्जना गरेका हुन् । नृत्यकला शारीरिक काव्यको रूप हो । मानवमा वस्तु परिवेशको नक्कल गर्ने गुण पनि रहेको छ । यसरी वस्तुहरूको भावशरीर उपस्थित भएर शारीरिक अङ्ग सञ्चालन र भावभङ्गीमाद्धारा प्रदर्शित गरिने सिली नृत्यकला हो । 'साङ्गीतिक परिवेशमा मानवमनका भावनाहरूलाई व्यक्त गर्ने कलात्मक अङ्ग सञ्चालन नै नृत्य हुन आउँछ (पराजुली,२०६३. पृ.५) । राई समुदायको सांस्कृतिक जीवनदर्शनसँग महत्व राख्ने सिली बारेमा प्राज्ञिक अध्ययन गर्नु आवश्यक देखिने भएकाले यो लेखको औचित्यता रहेको छ । साकेला सिली संस्कृतिसम्बन्धि केही विद्वानहरूले अध्ययन गरेका छन्, जसमा पहिलोपटक निर्दोष वालाखाम्छा (२०४९), ले गरेको देखिन्छ । त्यसपछि क्रमश कमलजंग राई (२०७३), चुन्कुमार राई हतुवाली (२०६६), तारामणि राई (२०७१), रामकुमार राई (२०७९), विष्णु राई (२०७१), शालिक राम राई (२०८०) आदि ले अध्ययन गरेको देखिन्छ । यी विद्वानहरूद्वारा साकेला सिली विषयमा विभिन्न आयमहरू माथि केही योगदान दिइएको छ । यसो भए तापनि साकेला सिलीको भनेको के हो ? यसको अर्थ परिभाषा, सिलीको प्रकृति र स्वरूप केकस्तो रहेको छ ? साकेला सिलीलाई

प्रदर्शनी कलाको रूपमा किन लिइन्छ ? धिरिनाम र छिरिनाम (उभौली उधौली) मा नाचिने साकेला सिलीहरू कति प्रकारका हुन्छन् ? भन्ने बारे कमै प्राज्ञिक अध्ययन भएको देखिन्छ । यसो भएकाले यी प्रश्नहरूको उत्तर खोजी गर्नु यस लेखको प्रमुख उद्देश्य रहेको छ ।

## अध्ययनविधि

राई जातिमा प्रचलित साकेला सिलीको अर्थ, परिभाषा, सिलीहरूको प्रकृति र स्वरूप, प्रदर्शनीकला ? धिरिनाम र छिरिनाम (उभौली उधौली) मा नाचिने विभिन्न प्रकारका बारेमा अध्ययन गर्नुपर्ने भएकाले र विषयवस्तु प्रकृतिको हिसाबले यस अध्ययनमा गुणात्मक अध्ययनविधि अपनाइएको छ । यस प्रकारको अमूर्त सम्पदाहरूको अन्वेषण कार्य केन्ति शोधकार्य गुणात्मक हुनु स्वाभाविकै मानिन्छ । कुनै खास सामाजिक तथा सांस्कृतिक समूहको मानव स्वाभाव, व्यवहार तथा क्रियाकलापहरूको लामो समयसम्म अध्ययन गर्नुपर्ने भएकाले यसमा अध्ययनमा इथ्नोग्राफी अध्ययन विधि अवलम्बन गरिएको छ । प्रस्तुत अध्ययनमा प्राथमिक र द्वितीयक स्रोतहरूको उपयोग गरिएको छ । इथ्नोग्राफी अध्ययनमा प्राथमिक स्रोतअन्तर्गत अनुसन्धाता आफैँ अध्ययन क्षेत्रमा प्रत्यक्ष अवलोकन गरी तयार गरिएको छ । अनुसन्धानकर्ता अध्ययनरत समूहमा वा सांस्कृतिक समूहमा प्रत्यक्ष संलग्न भई सहभागितामूलक अवलोकन गरी तथ्यहरू सङ्कलन गर्नुपर्ने भएकाले यस विधिलाई अपनाइएको छ । त्यसैगरी जानकार नछुङ, सिलिमपा, सिलिमम्माहरू, ढोले, झ्याम्टे, सेउलेहरूसँग प्रत्यक्ष अन्तर्वार्ता विधि अपनाइएको छ । तथ्यहरूलाई प्रमाणिक बनाउन फोटोग्राफी, भिडियोग्राफी आदि विधिहरू अवलम्बन गरिएको छ । यसैगरी द्वितीयक स्रोतअन्तर्गत साकेला सिली सम्बन्धी प्रकाशित पुस्तकहरू, अप्रकाशित पुस्तक, विश्वविद्यालयहरूको शोधपत्र, अनुसन्धान लेख, ई-लाईबेरी, जर्नल आदिको प्रयोग गरिएको छ । विभिन्न माध्यमहरूबाट सङ्कलित तथ्याङ्कहरूलाई गुणात्मक तथ्याङ्क विधिबाट वर्णानात्मक र व्याख्यात्मक पद्धति अवलम्बन गरी विश्लेषण गरिएको छ । तथ्याङ्कहरूलाई सम्पादन, सङ्केतीकरण, वर्गीकरण र तालिकीकरण गरी प्रशोधन गरिएको छ । प्रशोधित तथ्याङ्कहरूलाई प्रस्तुत गरी अध्ययनको निष्कर्ष निकालिएको छ ।

## मुख्य प्राप्ति

### साकेला सिलीको अर्थ र परिभाषा

साकेला सिली भनेको अभिनयात्मक मौलिक नृत्यकला हो । साकेला सांस्कृतिक अवसरहरूमा अभिनयात्मक शैली नृत्यकलाद्वारा विभिन्न किसिमको हाउभाउ, नक्कलसहित अभिनय नृत्य गरिन्छ त्यसैलाई सिली भनिन्छ । शाब्दिकताको हिसाबले 'सि' भनेको मुन्दुमी/आध्यात्मिक शक्ति र 'ली' भनेको धनुर्वाण यसरी आध्यात्मिक मुन्दुमी शक्तिसहित धनुर्वाण धारण गर्नु भन्ने बुझिन्छ । यसरी मुन्दुमी शक्ति ग्रहण गरी धनुर्वाण धारण गरी नृत्य प्रदर्शन गर्नु सिली हो । चाम्लिङ भाषामा सिलीको अर्थ नृत्य तथा अभिनयसहितको प्रस्तुति भन्ने हुन्छ (जंगकुमार राई, व्यक्तिगत अन्तर्वार्ता -२०८१) । वान्तावा भाषामा 'लाक्छाम' लाक् भने नाच्नु र छाम भनेको गीत गाउनु यसरी गीत गाउदै नाच्नुलाई 'लाक्छाम' भनिन्छ । बायुङ भाषाको फ्रेलोको शब्द हो । 'सि'+'ली' मिलेर सिली शब्द बनेको हो । 'सि' को अर्थ मोहित हुन्छ भने 'ली' को अर्थ हाउभाउ हुन्छ । पशुपन्छिको गतिविधिबाट मोहित भएर मानिसले अनेक हाउभाउबाट भाव व्यक्त गर्ने कलालाई सिली भनिन्छ । सुरूमा सुम्निमाले पशुपन्छिको गतिविधिबाट

दिक्षित भई सिलीको उठान गर्नु भएको कुरा मुन्दुमको सृष्टि अध्यायमा उल्लेख छ (लोक ब.वायूङ, व्यक्तिगत अन्तर्वार्ता २०८१) । राईहरू वर्षमा दुईपटक भव्यसभ्यरूपले उधौली र उभौली गरी प्रकृति र पितृलाई पूजा गर्दछन् । यसै अवसरमा दर्जनौं किसिमको अभिनयात्मक नृत्यकला नाच्दछन् जसलाई साकेला सिली भनिन्छ ।

साकेलालाई राई वान्तवा भाषामा साकेन्वा/साखेवा/साकेवा/साक्खेवा शब्दले सम्बोधन गर्दछन्, कुनै पनि शब्दको वाह्य तथा आन्तरिक अर्थ हुने गर्दछ । साकेन्वा  वान्तवा भाषामा यसको शाब्दिक अर्थ 'साप्तेन' र 'केन्वा' दुई भिन्न भिन्नै स्वतन्त्र शब्दहरूको मेलबाट सान्केवा उत्पति भएको देखिन्छ जसमा 'साप्तेन' को अर्थ जगतको सृष्टिकर्ता, पालनकर्ता र संहारकर्ता शक्तिलाई आराधना गर्नु भन्ने रहेको छ । 'केन्वा' को  प्राणीजगत, दुनियाँ, संसार र पालक, रक्षक भन्ने  हुन्छ (हतुवाली, २०६४, पृ. ३) । यसरी यसको शाब्दिक अर्थलाई हेर्न हो भने सृष्टिकर्ता, पालनकर्ता, संहारकर्ता शक्तिको आराधना गर्ने प्राणी जगत्को हित गर्ने पूजा साकेला पूजा भन्न सकिन्छ । सिली कलात्मक हिसाबले कहिले हात प्रधान र कहिले खुट्टा प्रधान गरी नाचिने गरिन्छ । त्यसैगरी साकेन्वाको शाब्दिक अर्थ 'सा +केन +वा ' तीन शब्दबाट साकेन्वा शब्द बनेको देखिन्छ ।  'सा' - सायाताली (प्रतिष्ठाको  प्रतीक), 'केन्' - बाजा, ढोलझ्याम्टा, पुङ बाजा  र 'वा' - पानी......पानी भनेको प्राणी जगत्को जीवन जसको अभावमा जीवन चल्नु सक्दैन ।  आदिम युग जसको प्रतिष्ठाको प्रतीक धनुर्वाण भिरेर साङ्गीतिक गतिविधिसँगै जीवनको एक आधार पानीको आह्वान गर्दै मनाइने पूजाको रूपमा बुझ्न सकिन्छ । मौलिक बाजागाजा ढोल झ्याम्टाको सुर ताल साकेला गीतको साङ्गीतिक माहोलमा आध्यात्मिक विधिविधान सहित शक्ति उपासना गर्दै गोलाकार आकारमा सिली प्रस्तुत गरिन्छ (बालाखाम्छा, २०४९. पृ. १) । यसरी व्याख्या गर्दा पितृ र प्रकृति राई जातिको आराध्यदेव सुम्निमा पारूहाङसँग शक्ति माग्दै मनोकाङ्क्षा प्राप्तिका खातिर पूजा गर्दै अभिनयात्मक शैलीमा सिली नाचिन्छ । व्यक्तिगतभन्दा पनि सम्पूर्ण जगत्को प्राणीहरूको सामूहिक मनोकामनालाई महत्वका साथ केन्मा राखेर प्रार्थना गरिन्छ । पर्यावरणमा गुणात्मक र मात्रात्मक वृद्धि होस् । त्यसले उत्पादनमा वृद्धि भई सबैलाई रोग, भोक र शोकबाट मुक्त बनाओस् । विभिन्न पशुपक्षी, किराफटेङग्रालाई पनि संरक्षण, आरक्षण होस् । यसरी सबै जाति प्राणी, पृथ्वी भरी नै सुब्बेफाब्बे होस् भनी कामना गरिने यस नृत्यलाई टोलाखोला, गाउँबस्ती, भाषाभाषी, आदिको विविधताले भित्र भित्रै रूपमा परिभाषित गरिएको पाइन्छ ।

सिलीलाई मानवले जीविकोपार्जनका लागि श्रम र सिपको प्रयोगलाई कलात्मक प्रदान गरी सिली सिर्जना भएको भन्न सकिने धेरै प्रमाणहरू साकेला सिलीको अध्ययन गर्दा थाहा पाउँछौं । सिकारी युगका श्रमसँग सम्बन्धित सिलीहरू ज्यादाजसो श्रमसँग सम्बन्धित छन् । श्रमलाई पूजनीय ठान्ने यी समुदायले यसैलाई शास्त्रयि रूपमा आदिम कालदेखि परम्परागत ढङ्गले अभ्यास गर्दै आएको देखिन्छ । यो सिली नृत्य अन्य लोक बाजाहरू जस्तो मादल, तबला, धिमे, नौमती, आदि तथा आधुनिक बाजाहरू ड्रमसेट, कङ्गो, जस्ता बाजामा नाच्नु सिली होइन (भोगीराज चाम्लिङ, व्यक्तिगत अन्तर्वार्ता २०८१) । शक्ति प्रतीक साकेन्वा/साकेलाको नाममा विधि विधान सहित नियमबद्ध, चरणबद्ध र सिलसिलाबद्ध सुर, चाल र शैलीमा गरिने विशेष मुन्दुममा आधारित नृत्य शैली मात्र सिली हो ।

**साकेला सिली प्रदर्शनीः उभौली–उधौली**

साकेला सिली प्रदर्शनी विशेषगरी वैशाखे पूर्णिमा (उभौली/धिरिनाम) र मंसिरे पूर्णिमा (उधौली/छिरिनाम) को अवसरमा हुने गर्दछ । राई संस्कृतिमा दुई ऋतुहरू उधौली - उभौली ६/६ महिनामा विभाजन गरिएको पाइन्छ । आदिम राई पुर्खाहरूले ऋतु पत्ता लगाई एक वर्षको समयलाई दुई भागमा विभाजन गरी उधौली र उभौली भनी काल गणना गर्दै ल्याएका छन् । यो काल विभाजनमा प्रकृतिमा पाइने पर्यावरणीय वातावरण अनुकूल मात्र मानव तथा अन्य सजीव प्राणीहरूले आफ्नो अस्तित्त्वलाई कायम राख्न सक्दछ, जसको अभावमा कुनै पनि मानव तथा प्राणीहरूको अस्तित्त्व रहन सक्दैन त्यसैले मानव सभ्यताको विकासमा पर्यावरणीय वातावरणको ठुलो भूमिका रहेको छ । साकेला सिलीको विकासमा पनि पर्यावरणीय भूमिका रहेको छ । सिली प्रदर्शनी वैशाखे पूर्णिमा (उभौली/धिरिनाम) लागेपछि सुरूआत हुन्छ र आममानवहरूको आर्थिक/सामाजिक/सांस्कृतिक जीवन परिवर्तन हुन्छ । यसैगरी यो सिली मंसिरे पूर्णिमा (उधौली/छिरिनाम) को अवसरमा नाचिन्छ । उभौलीमा नाचिने सिलीहरू र उधौलीमा नाचिने सिलीहरू फरक–फरक किसिमका हुन्छन् । उधौली र उभौली पनि किरात राई ऋतु वा समयको विभाजनको मुख्य आधार हो, किनकि पृथ्वीको दैनिक, वार्षिक गतिबाट सिर्जित पर्यावरणीय वातावरण फेरिन्छ । (राम चन्द्र राई, अन्तरवार्ता- २०७९) ।

**साकेला सिलीः प्रदर्शनी कला**

साकेला सिली संस्कृति एक प्रदर्शनी कला हो । यसबारे विभिन्न विद्वानहरूले व्याख्या गरेका छन् । जसमध्ये भिक्टर टर्नर (१९८२), From ritual to theatre, Rai, (२०७७). मा प्रदर्शनी कला सम्बन्धि सिद्वान्तहरूको व्याख्या गरेका छन् । भिक्टर टर्नर (१९८२) का अनुसार प्रदर्शनकारी कलामा अनिवार्य सात तत्त्वहरू हुन्छन् जस्तोः कथा, पात्र, अभिनय, नृत्य, गीतसङ्गीत, वाद्यवादन र भेषभूषा । साकेला सिलीमा यी सातैवटा आधारभूत तत्त्वहरू पाइन्छन् ।

**कथाः** प्रदर्शनी कला पहिलो तत्त्व भनेको कथा हो, प्रत्येक साकेला सिलीमा नालीबेली, पुर्ख्यौली इतिवृत्त र इतिहास मिथक पाइन्छ । सिलीमा यो कुनै विषयमाथि प्रस्तुत भएको हुन्छ जस्तोः मानव समाज जतिबेला आदिम युग जङ्गली अवस्थामा थिए, त्यसबेला जिवन्त चित्र दर्शाउने सिकारी सिलीमा प्रदर्शनी हुन्छ । त्यसैगरी चाप्चा सिली, मयूर सिली, बादर सिली, बेसारा सिली आदि किन नाच्ने भन्ने बारे त्यसको मुन्दुमी कथाहरू उल्लेख भएको पाइन्छ ।

**पात्रः** प्रदर्शनी कला भित्रको अर्को महत्वपूर्ण तत्त्व भनेको पात्र हो । पात्र काव्य, नाटक, कथा आदिमा चरित्रको वर्णन गरिएको नायक, नायिका वा कुनै योग्य व्यक्ति सत्कार, पूजा गर्न योग्य मानिस भन्ने बुझिन्छ । सिली प्रदर्शनीमा पात्रको भूमिका महत्वपूर्ण रहेको देखिन्छ । प्रत्येक सिलीमा पात्रहरूको नक्कल गरिन्छ । जस्तोः तयामा खियामा खोक्चिलिपू सिलीहरू उनीहरूको जीवन्त अभिनयलाई सिलीमार्फत प्रदर्शनी गरिन्छ । त्यसैगरी प्रत्येक सिलीमा कुनै न कुनै सांस्कृतिक नायक वा जीवजन्तुको जीवन्त अभिनय र पात्र अनिवार्य हुन्छ ।

**अभिनयः** सिली प्रदर्शनीको अर्को महत्वपूर्ण तत्त्व अभिनय हो । शरीरको भावबाट गरिने क्रियाकलाप हो । कथालाई पात्रले बोक्छ र विभिन्न हाउभाउ क्रियाकलापहरू गर्दछन् । कुनै पनि पात्रद्वारा

गरिने अर्थपूर्ण अङ्ग सञ्चालन, हाउभाउ वा हृदयको भावलाई वाह्य चेष्टाद्वारा प्रदर्शन गरिने काम भन्ने बुझिन्छ । सिलीमा विभिन्न आदिम पुर्खाहरू तथा जीवजन्तुहरू वा कुनै न कुनै पात्रहरूको जीवन्त अभिनय र हाउभाउद्वारा नक्कल गर्ने काम गरिन्छ ।

**नृत्यः** सिली प्रदर्शनी कलामा अर्को महत्वपूर्ण तत्त्व भनेको नृत्य हो । यो अङ्ग सञ्चालनको प्रधानता भएको र ताल, लय तथा भावमा आश्रित नाच हो । नाचगानको ढङ्ग, पारा, छाट चाल, एउटा छुटै मौलिकता पाइन्छ । नृत्यमा ढोल, झ्याम्टा, सिलीमी, पुङ बाजाको तालमा नाचिन्छ ।

**गीतसङ्गीतः** सिली प्रदर्शनीमा मूलतः गाउनका लागि रचिएको लयात्मक सरस पद्यरचना, गाना हुन्छ, जसलाई साकेला गीत, सेमुना, सैसैला, दोलोकुम्मा, लाक् छाम आदि नामले सम्बोधन गरिन्छ । बाजागाजा नाच वा हाउभाउसहितको गीत गाउने कला, गायन विधा सिलीमा अनिवार्य पर्दछ ।

**वाद्यवादन :** वाद्यवादनले निश्चित ताल, सुर प्रदान गर्दछ जसको माध्यमद्वारा सिली अभिनय गरिन्छ । वाद्यवादनमा अनिवार्य मौलिक बाजागाजा प्रयोग हुन्छन् जसमा अन्तर्गत ढोल, झ्याम्टा, सिलीमी, पुङ, घन्टी आदि बाजाहरू पर्दछन् ।

**भेषभूषा :** यसैगरी भेषभूषा पुरुष र महिला दुवैले आआफ्नै मौलिक किसिमको प्रयोग गर्छन् । पुरूषहरूले दौरा सुरूवाल, कोट वा फेगा, धजुरा पेचुरी, सिलाक साक्मा, चिन्डो, जुहारी कोट, फेगा, मारीमोते, पियालाक्चो, खुखुरी, टोपी, सिलिमोपा र सिलिमोमा (नाचको नेतृत्वकर्ता) ले अनिवार्य रूपमा टाउकोमा पगरी वा फेटा लगाउनु पर्दछ (टर्नर, १९८२, पृ. ५९-५६) यसरी साकेला सिली प्रदर्शनी कलामा अनिवार्य यि सात तत्त्वहरू समावेश हुन्छन् ।

**साकेला सिलीका प्रकृति वा स्वरूप**

साकेलामा सिलीहरू प्रकृति वा स्वरूपका हिसाबले विभिन्न प्रकारमा विभाजन गर्न सकिन्छ । हाते सिली (हात प्रधान भएको) सिली : सिली प्रदर्शन गर्दा हात प्रधान भएर नाचिने सिलीलाई हाते सिली पनि भनिन्छ । जस्तोः आम्लामी (शिकारी) सिली : यसको करिव ३४ वटा स्टेपहरू छन् (राई, २०८०,पृ. ७३-९२) । चासुम/चारी सिलीः यसको ७० वटा स्टेपहरू छन्, नारोवा (कर्याकुरूङ) सिलीः यसको ३२ वटा स्टेपहरू छन्, सिकी सिली (सिप सम्बन्धि सिली)ः यसको ४३ वटा स्टेपहरू छन् ।

**खुट्टे सिली (खुट्टा प्रधान भएको) :** सिली प्रदर्शन गर्दाअधिकांश सिलीहरू खुट्टाको चाल प्रधान बनाएर नाचिने गरिन्छ । जस्तोः त्यसैगरी मुन्दुम अध्येता भोगीराज चाम्लिङका अनुसार मब सैमासिली/मुन्दुमी (नछुङ सपना देखेको सिली) र रैका सिली (सामुहिक रूपमा सबैले नाच्न मिल्ने) सिलीको रूपमा विभाजन गर्न सकिन्छ ।

**मानवीय र मानववेतर :** साकेला सिली मानव जातिको विषयमा नाचिने सिलीहरू मानवीय सिलीहरू हुन् जस्तोः तयामा खियामा, खोक्चिलिपा, सिकी, आदि । त्यसैगरी मानवभन्दा अरू विभिन्न प्राणी जीवजन्तुहरूको जीवन्त गरिने अभिनयलाई मानावेतर सिली हुन् । जस्तोः काग, बकुला, नारावा

(कर्याङ्कुरूङ) सिली, बाघ, सिनछुङ् (धामी) हरू घरचिन्ता बस्दा वा विभिन्न मुन्दुमी कार्यहरू यात्रा विवरण भर्ने गर्दछन् जहाँ विभिन्न ठाउँमाहरू सिली नाच्दै यात्रा पार गर्दछन् । उनीहरू घरको तीन चुलाबाट यात्रा आरम्भ गर्दछन् र अन्त्य पनि त्यही आएर गर्दछन् । यात्राको क्रममा सिलीहरू प्रदर्शन गर्दछन्, जसलाई मुन्दुमी यात्रा सिली भनिन्छ ।

**सिलिमपा सिलीममा (सहभागीताको आधारमा) :** साकेला सिली प्रदर्शनीमा महिला ( सिलीममा मासिमे) र पुरूष (सिलीमपा) गरी विभाजन गर्न सकिन्छ । यसलाई नाइमा (महिला) सिली र पारू (पुरूष) सिली पनि भनिन्छ । जस्तोः पुरूषहरू हलो जोत्ने सिली, महिलाले सियो लागाउने, बाँझो फोड्ने सिली, पुरूषले भष्मे खोरिया फाडने, महिलाले बिउ बिजन छर्ने आदि श्रम विभाजन गरिएको हुन्छ (राई, २०७३, पृ. ३२) । यसरी यो निरन्तर चलिरहन्छ ।

**युद्वसम्बन्धि सिली :** साकेला सिली प्रदर्शनीमा केही त्यस्ता सिली छन्, जो युद्वसम्बन्धि सिली हुन्छन् । जस्तोः खालिङ राईहरू बास संस्कृतिमा यो सिलीको प्रदर्शन गर्दछन् ।

मानव सभ्यता विकाससँग सम्बन्धित सिली : मानव सभ्यता विकाससम्बन्धि केही सिली प्रदर्शन हुन्छ, जस्तोः आम्लामी (शिकारी) सिली, चासुम/चारी सिली, नारोवा (कर्याङ्कुरूङ) सिली, सिकी सिली (सिपसम्बन्धि सिली) आदि हुन् (व्यतिगत अवलोकन, २०८१, बैशाख २७ र २८ ) ।

## साकेला सिलीको प्रकार

धिरिनाम र छिरिनाम (उभौली उधौली) मा नाचिने साकेला सिलीहरू फरक-फरक किसिमका हुन्छन् । जसलाई तपसिल उल्लेख गरिएका छन् :

**सुरुवातमा गरिने सिलीहरूः** सिली प्रदर्शन गर्दा चुलोबाट सुरु भएर चुलोमा नै अन्त्य गर्नुपर्छ । उभौलीमा गरिने सिलीहरू र उधौलीमा गरिने सिलीहरू फरक-फरक हुन्छ । आरम्भमा गरिने सिलीहरू तपसिल छन् । जस्तोः सिलीफित्तो, रेखाफित्तो, बोखातिममा, सोरूवापा, छिरूवापा, धिरूवापा, वापा, छिल्लाम, चिकालेम्मा, मुम्मा दश वटा सिलीहरू नाचिन्छ (अजय राई, सिलीमपा, व्यक्तिगत अन्तर्वार्ता २०८१ ) ।

**धिरिनाम (उभौली) सिलीहरूः** मुन्दुमी यात्रामा रिसिया फलाक्ने नछुङहरू सर्वप्रथम घरभित्रबाट धाराकुवा खोलानाला हुँदै पहाडपर्वत डाँडाकाडा हुँदै सुम्निमा पारूहाङ भएको कैलाश हिमालसम्म पुग्दछन् । चाप्चा सिली, वेर्पा सिली, लाभे सिली, सायो सिली, सालाप्पा सिली, दोमाखोम्मा सिली, नाइम्मा सिली, नाइम्मा, पानाधास सिली, पारूहाङ सिली आदि नौ वटा सिलीहरू छन् । सुम्निमा पारूहाङ निवास कैलाश पर्वतसम्म पुगिन्छ (अजय राई, सिलीमपा, व्यक्तिगत अन्तर्वार्ता २०८१ ) ।

### हिमालबाट फर्कंदा नाचिने सिलीहरू

सिली गर्ने क्रम मा हिमालबाट तमोर घाट हुँदै खुवालुङ पुग्ने अनि पानी भित्रको जीवजन्तुहरूको सिली टिप्ने गर्दछन् यसलाई वालाखाम्मा टिपिने सिलीहरू भनिन्छ । त्यसैक्रममा मौवा सिली, तोतिमी सिली, वाजिकावा सिली, चिप्रुङकावा सिली, रूली सिली, मोवु सिली, ङसेप सिली,

नाकिहो डील्लिहो सिली गरी आठ वटा सिलीहरू छन् (अजय राई, सिलीमपा, व्यक्तिगत अन्तर्वार्ता २०८१ ) ।

### छिरिनाम (उधौली) सिलीहरू

खुवालुङबाट तराईको चारकोशे झाडीमा भूगोलसँग सम्बन्ध राख्ने जीवजन्तुहरूको अभिनयात्मक सिलीमार्फत गर्ने चलन रहेको छ । जस्तोः बोब्लोती, पिरा सिली, हेदी सिली, रोब्रो सिली, चाप्चा सिली, बेर्पा सिली, तावा सिली, तुवा सिली, बोखेरा सिली, ताङ्वा हिकुवा सिली, साइमा बुखो सिली, रोखामा सिली, मोबोली सिली गरी जम्मा १३ वटा सिलीहरू नाचिन्छ (राई, २०७९, पृ.३२-३९ ) ।

### अन्त्यमा नाचिने सिलीहरू

जहाँबाट सुरु भएको हो त्यही ठाउँमा आएर सिली अन्त्य हुन्छ । चुल्होबाट सुरू भएको चुल्होमा नै अन्त्य हुन्छ । यसरी घर आगन आईपुगे पछि यात्रारत सिलीमपाले होछा सिली, खोक्चिलिपा सिली, तयामाखियामा सिली, वाखिमातिम्मा सिली, वापा सिली, वाहिलोमा सिली, मोछामा सिली, बोखातिम्मा सिली, रेखाफित्तो सिली, सिलीफित्तो सिली गरी जम्मा १० वटा सिलीहरू प्रदर्शन गर्दछन् (अजय राई, सिलीमपा, व्यक्तिगत अन्तर्वार्ता २०८१ ) ।

## छलफल तथा निष्कर्ष

साकेला सिली र यसको विषयहरू बारे प्राप्त तथ्यहरूलाई प्रस्तुत गरीसकेपछि शोध आरम्भ गर्नपूर्व राखिएको शोध प्रश्नहरूको उत्तर खोजी गर्नका लागि प्रस्तुत तथ्यहरूले गर्न खोजेको सङ्केत यसका अर्थ विश्लेषण तथा छलफल गरी निष्कर्षमा पुग्नुपर्ने देखिन्छ । त्यसैले यस छलफलमा चार महत्वपूर्ण सोध प्रश्नहरूमा केन्द्रित भई छलफललाई अगाडि सारिएको छ ।

पहिलो, साकेला सिली भनेको के हो ? यसको अर्थ परिभाषाबारे पहिलो प्रश्न हो त्यसैले यसको बारेमा छलफल गर्नु आवश्यक देखिन्छ । साकेला सिलीको अर्थ परिभाषा सम्बन्धमा अध्ययन गर्दा सिलीको शाब्दिक अर्थ 'सि' भनेको मुन्दुमी/आध्यात्मिक शक्ति र 'ली' भनेको धनुर्वाण यसरी आध्यात्मिक मुन्दुमी शक्तिसहित धनुर्वाण धारण गर्नु भन्ने बुझिन्छ । चाम्लिङ भाषामा सिलीको अर्थ नृत्य तथा अभिनयसहितको प्रस्तुति भन्ने हुन्छ । वान्तावा भाषामा 'लाक्छाम' लाक् भने नाच्नु र छाम भनेको गीत गाउनु यसरी गीत गाउदै नाच्नुलाई 'लाक्छाम' भनिन्छ । बायुङ भाषाको फ्रेलोको शब्द हो ।' सि'+'ली' मिलेर सिली शब्द बनेको हो । 'सि' को अर्थ मोहित हुन्छ भने 'ली' को अर्थ हाउभाउ हुन्छ । पशुपन्छिको गतिविधिबाट मोहित भएर मानिसले अनेक हाउभाउबाट भाव व्यक्त गर्ने कलालाई सिली भनिन्छ । सिली भनेको अभिनयात्मक नृत्यकला हो । आदिम युग जसको प्रतिष्ठाको प्रतीक धनुर्वाण भिरेर साङ्गीतिक गतिविधिसँगै जीवनको एक आधार पानीको आह्वान गर्दै मनाइने पूजाको रूपमा बुझ्न सकिन्छ । मौलिक बाजागाजा ढोल झ्याम्टाको सुर ताल साकेला गीतको साङ्गीतिक माहोलमा आध्यात्मिक विधिविधानसहित शक्ति उपासना गर्दै गोलाकार आकारमा सिली प्रस्तुत गर्ने उल्लेख गरेका छन् । सिलीलाई मानवले जीविकोपार्जनका लागि श्रम र सिपको प्रयोगलाई कलात्मक प्रदान गरी सिली सिर्जना भएको भन्न सकिने धेरै प्रमाणहरू छन् । साकेला सिली वर्षमा दुई पटक वैशाखे पूर्णिमा (उभौली/धिरिनाम) र मंसिरे पूर्णिमा (उधौली/छिरिनाम) मा भव्य र सभ्य रूपमा प्रदर्शनी

हुन्छ । आदिम राई पुर्खाहरूले ऋतु पता लगाए एक वर्षको समयलाई दुई भागमा विभाजन गरी उधौली र उभौली भनी समय काल विभाजन गरे । जसलाई प्रकृतिमा पाइने पर्यावरणीय वातावरण अनुकूल मात्र मानव तथा अन्य सजीव प्राणीहरूले आफ्नो अस्तित्त्वलाई कायम राख्न सक्दछ जसको वितरित गएर कुनै पनि मानव तथा प्राणीहरूको अस्तित्त्व रहन सक्दैन । मानव सभ्यताको विकासमा पर्यावरणीय वातावरणको ठुलो भूमिका रहन्छ । साकेला सिलीको विकासमा पनि पर्यावरणको ठुलो भूमिका रहेको पाइन्छ ।

**दोस्रो, साकेला सिली प्रदर्शनी कलाको रूपमा किन लिइन्छ ?** भन्ने प्रश्नको प्राप्त तथ्यहरू हेर्दा विद्वान भिक्टर टर्नर (१९८२) का अनुसार प्रदर्शनकारी कलामा अनिवार्य सात तत्त्वहरू हुन्छन् जस्तोः कथा, पात्र, अभिनय, नृत्य, गीतसङ्गीत, वाद्यवादन र भेषभूषा हुन्छ भनी उल्लेख गरेका छन् । कथाः प्रदर्शनी कला पहिलो तत्त्व भनेको कथा हो, पात्रः प्रदर्शनी कला भित्रको अर्को महत्वपूर्ण तत्त्व भनेको पात्र हो । सिली प्रदर्शनीमा पात्रको भूमिका महत्वपूर्ण रहेको देखिन्छ । प्रत्येक सिलीमा पात्रहरूको नक्कल गरिन्छ । जस्तोः तयामा खियामा खोक्चिलिपा सिलीहरू उनीहरूको जीवन्त अभिनयलाई सिलीमार्फत प्रदर्शनी गरिन्छ । अभिनयः सिली प्रदर्शनीको अर्को महत्वपूर्ण तत्त्व अभिनय हो । शरीरको भावबाट गरिने क्रियाकलाप हो । सिलीमा विभिन्न आदिम पुर्खाहरू तथा जीवजन्तुहरू जीवन्त अभिनयलाई हाउभाउ नक्कल गरिन्छ । नृत्यः सिली प्रदर्शनी कलामा अर्को महत्वपूर्ण तत्त्व भनेको नृत्य हो । नृत्यमा ढोल, झ्याम्टा, सिलीमी, पुङ बाजाको तालमा नाचिन्छ । गीतसङ्गीतः सिली प्रदर्शनीमा विषेशत गाउनका लागि रचिएको लयात्मक सरस पद्यरचना, गाना हुन्छ जसलाई साकेला गीत/दोलोकुम्मा/लाक छाम आदि नामले सम्बोधन गरिन्छ । वाद्यवादन : वाद्यवादनले निश्चित ताल, सुर प्रदान गर्दछ जसको माध्यमबाट पूरा अभिनय गरिन्छ । वाद्यवादनमा अनिवार्य मौलिक बाजागाजा प्रयोग हुन्छन्, जसअन्तर्गत ढोल, झ्याम्टा, सिलीमी, पुङ बाजाहरू पर्दछन् । भेषभूषाः त्यसैगरी भेषभूषा पुरूष र महिला आफ्नै मौलिक प्रयोग हुन्छन् । यसरी प्रदर्शनी कलामा अनिवार्य यि सात तत्त्वहरू समावेश हुन्छन् सिली प्रदर्शनीमा पनि यी सात तत्त्वहरू समावेस छन् ।

**तेस्रो, साकेला सिलीका प्रकृति वा स्वरूप कस्तो हुन्छ ?** भन्ने दोस्रो प्रश्नको बारे छलफल गर्दा यसको धेरैवटा तथ्यहरू प्राप्त भएका छन् । साकेलामा सिलीहरू प्रकृति वा स्वरूपको हिसाबले विभिन्न प्रकारमा विभाजन गर्न सकिन्छ । हाते सिली (हात प्रधान भएको) सिली : सिली प्रदर्शन गर्दा हात प्रधान भएर नाचिने सिलीलाई हाते सिली पनि भनिन्छ । जस्तोः आम्लामी (शिकारी) सिली, चासुम/चारी सिली, नारोवा (कर्याकुरूङ) सिली, सिकी सिली (सीप सम्बन्धि सिली) आदि । त्यसैगरी खुट्टे सिली (खुट्टा प्रधान भएको ): सिली प्रदर्शन गर्दा अधिकांश सिलीहरू खुट्टाको चाल प्रधान बनाएर नाचिने गरिन्छ । रैका सिली (सामूहिक रूपमा सबैले नाच्न मिल्ने) सिलीहरू र केही मुन्दुमी सिलीहरू रहेका छन् । त्यसैगरी मानवीय र मानववेतरः साकेला सिली मानव जातिको विषयमा नाचिने सिलीहरू मानवीय सिलीहरू हुन् जस्तोः तयामाखियामा, खोक्चिलिपा, सिकी, आदि । त्यसैगरी मानवभन्दा अरू विभिन्न प्राणी जीवजन्तुहरूको जीवन्त गरिने अभिनयलाई मानावेतर सिली हुन् । नछुङ (धामी) हरूले नाच्ने सिली, मुन्दुमी यात्रा सिलीः नछुङ (धामी) हरू घरचिन्ता बस्दा वा विभिन्न मुन्दुमी कार्यहरू यात्रा विवरण भर्ने गर्दछन् जहाँ विभिन्न ठाउँमाहरू सिली नाच्दै यात्रा पार गर्दछन् । त्यसैगरी सिलिमपा सिलीममा (सहभागीताको आधारमा): साकेला सिली प्रदर्शनीमा महिला (सिलीममा

मासिमे) र पुरूष (सिलीमपा) ले नाच्ने सिलीहरू छन् । युद्व सम्बन्धि सिलीः साकेला सिली प्रदर्शनीमा केही त्यस्ता सिली छन् जो युद्वसम्बन्धि सिली हुन्छन् । जस्तोः खालिङ राईहरू वास संस्कृतिमा यो सिलीको प्रदर्शन गर्दछन् र मानव सभ्यता विकाससँग सम्बन्धित सिलीः मानव सभ्यता विकास सम्बन्धि केही सिली प्रदर्शन हुन्छ जस्तोः आम्लामी (शिकारी) सिली, चासुम/चारी सिली, नारोवा (कर्याकुरूङ) सिली, सिकी सिली (सिपसम्बन्धि सिली) आदि हुन् प्रदर्शन गर्दछन् ।

**चौथो, साकेला सिलीको प्रकार केकस्ता छन् ?** भन्ने तेस्रो प्रश्नमा धिरिनाम र छिरिनाम (उभौली उधौली) मा नाचिने साकेला सिलीहरू फरक–फरक किसिमका प्राप्त भयो । जस्तो सुरूआतमा गरिने सिलीहरूः सिली प्रदर्शन गर्दा चुलोबाट सुरु भएर चुलोमा नै अन्त्य गर्नुपर्छ । सिलीफित्तो, रेखाफित्तो, बोखातिममा, सोरूवापा, छिरूवापा, धिरूवापा, वापा, छिल्लाम, चिकालेम्मा, मुम्मा दश वटा सिलीहरू नाचिन्छ । धिरिनाम (उभौली) सिलीहरूः चाप्चा सिली, वेर्पा सिली, लाभे सिली, सायो सिली, सालाप्पा सिली, दोमाखोम्मा सिली, नाइम्मा सिली, नाइम्मा, पानाधास सिली, पारूहाङ सिली आदि नौ वटा सिलीहरू प्रदर्शन गर्दछन् । हिमालबाट फर्कंदा नाचिने सिलीहरूः मौवा सिली, तोतिमी सिली, वाजिकावा सिली, चिप्रुङकावा सिली, रूली सिली, मोवु सिली, ङ्सेप सिली, नाकिहो डील्लिहो सिली गरी आठ वटा सिलीहरू छन् । छिरिनाम (उधौली) सिलीहरूः खुवालुङबाट तराईको चारकोशे झाडीमा भूगोलसँग सम्बन्ध राख्ने जीवजन्तुहरूको अभिनयात्मक सिलीमार्फत गर्ने चलन रहेको छ । जस्तोः बोब्लोती, पिरा सिली, हेदी सिली, रोब्रो सिली आदि जम्मा १३ वटा सिलीहरू नाचिन्छ । अन्त्यमा नाचिने सिलीहरूः होछा सिली, खोक्चिलिपा सिली, तयामाखियामा सिली, सिलीफित्तो सिली आदि १० वटा सिलीहरू प्रदर्शन गर्दछन् ।

## निष्कर्ष

मानव सभ्यता विकासको क्रममा किराती पुर्खाहरूले देखेभोगेका, अनुभव गरेका ज्ञान, सिप र श्रमलाई सौन्दर्ययुक्त युद्वकला मानव र मानवेतर गतिविधि शैलीहरूको अनुकरण/नक्कल गर्नुलाई नै सिली भन्ने गरिएको छ । सिली अभिनयात्मक मौलिक नृत्यकला हो, जतिबेला कपीकलम वा लेख्यपरम्पराको विकास, भाषाको विकास भएको थिएन । त्यतिबेला आफ्नो मौलिक ज्ञान, सिप, कला सिलीमार्फत सङ्केत गर्दै एक पुस्ताबाट अर्को पुस्ता हस्तान्तरण गर्दै ल्याएको देखिन्छ । साकेला सिलीको अर्थ र परिभाषासम्बन्धमा अध्ययन गर्दा सिलीको शाब्दिकताको हिसाबले 'सि' भनेको मुन्दुमी/आध्यात्मिक शक्ति र 'ली' भनेको धनुर्वाण यसरी आध्यात्मिक मुन्दुमी शक्तिसहित धनुर्वाण धारण गर्नु भन्ने बुझिन्छ । यसरी मुन्दुमी शक्ति धारण गरी दर्जनौँ किसिमको सिली प्रदर्शन गर्ने गर्दछन् । साकेला सिली प्रदर्शनी कला हो किनकि यसमा अनिवार्य सात तत्त्वहरू हुन्छन् जस्तोः कथा, पात्र, अभिनय, नृत्य, गीतसङ्गीत, वाद्यवादन र भेषभूषा हुन्छन् । साकेला सिलीका प्रकृति वा स्वरूपले हेर्दा विभिन्न किसिमका छन् । हाते सिली (हात प्रधान भएको) सिली, खुट्टे सिली (खुट्टा प्रधान भएको), रैका सिली (सामूहिक रूपमा सबैले नाच्न मिल्ने) सिलीहरू र केही मुन्दुमी सिलीहरू रहेका छन् । त्यसैगरी मानवीय र मानवेतर, नछुङ (धामी) हरूले नाच्ने सिली, मुन्दुमी यात्रा सिली, त्यसैगरी सिलिमपा सिलीममा (सहभागिताको आधारमा), युद्व सम्बन्धि सिली र मानव सभ्यता विकाससँग सम्बन्धित साकेला सिलीहरू छन् । साकेला सिलीको प्रकारहरू धेरै किसिमका छन् धिरिनाम र छिरिनाम (उभौली उधौली) मा नाचिने साकेला सिलीहरू फरक–फरक किसिमका हुन्छन् । जस्तो

सुरुआतमा गरिने सिलीहरूः सिलीफित्तो, रेखाफित्तो, बोखातिममा आदि दश वटा सिलीहरू नाचिन्छ । धिरिनाम (उभौली) सिलीहरूः चाप्चा सिली, वेर्पा सिली आदि नौ वटा सिलीहरू प्रदर्शन गर्दछन् । हिमालबाट फर्कंदा नाचिने सिलीहरूः मौवा सिली, तोतिमी सिली, वाजिकावा सिली, आदि आठ वटा सिलीहरू छन् । छिरिनाम (उधौली) सिलीहरूः बोब्लोती, पिरा सिली, हेदी सिली, रोब्रो सिली आदि जम्मा १३ वटा सिलीहरू नाचिन्छ । अन्त्यमा नाचिने सिलीहरूः होछा सिली, खोक्चिलिपा सिली, तयामाखियामा सिली, सिलीफित्तो सिली आदि  १० वटा सिलीहरू प्रदर्शन गर्दछन् । सिलीले राई जातिको मौलिक ज्ञान, सिप, अनुभव, कला, इतिहास, सभ्यता आदि बोकेको पाइन्छ जो हस्तान्तरण हुँदै आएको पाइन्छ ।

## सन्दर्भ सामग्रीसूची


चाम्लिङ, भोगीराज (सम्पा. २०७८). *मुन्दुम : रिलुङ* किरात राई चाम्लिङ खाम्बातिम ।

पराजुली, मोतिलाल (२०६३). *नेपालका प्रचलित नृत्य र नृत्य नाटिकाहरू.* साझा प्रकाशन ।

राई, कमलजंग (२०७३). *साक्खेवा सिलीः एक अध्ययन.* आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

राई, तारामणि (२०७१). *साकेल् : कोयी मिथक, सिली र अनुष्ठान विधिको विश्लेषण.* कोयी/कोयू राई समाज ।

राई, रामकुमार (२०७९). राई समुदायको वैवाहिक नृत्यकला. अप्रकाशित शोधपत्र. मानविकी तथा सामाजिकशास्त्र संकाय. नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

राई, विष्णु (२०७१). *किरात सभ्यताः उभौली/उधौली पर्व मानवशास्त्रीय अध्ययन.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

राई, शालिकराम (२०८०). *वान्तावा राई संस्कृतिमा साकेला सिली.* अप्रकाशित शोधपत्र, एम.फिल, मानविकी तथा सामाजिकशास्त्र संकाय, नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग. त्रिभुवन विश्वविद्यालय ।

वालाखाम्छा, निर्दोष (२०४९). *साक्खेवा : एक परिचय.* मणिप्रसाद कुलुङ ।

हतुवाली, चन्द्रकुमार (२०६४). *साकेन्वा.* बान्तावा अनुसन्धान ।

Turner, V. (1982). *From Ritual to Theatre*. The Johms Hopkins University press.